रोहिणी गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड ६ रोहिणी ,२०८० साल संख्या ११

## भाग-२

## "गाउँपालिका अध्यक्ष वालिका संरक्षण" अभियान कार्यक्रम सञ्चालन कार्यविधि, २०८०

गाउँ कार्यपालिकाबाट स्वीकृत मति

प्रस्तावनाः रोहिणी गाउँपालिका भित्र हुने बालविवाह र महिला हिंसाका घटनाहरू न्यूनिकरण गर्न, गरिबी तथा अशिक्षाका कारण छोरीहरूले पढाई छोड्ने प्रवृतिको अन्त्य गर्न, स्वास्थ्य संस्थामा हुने प्रसुतीको संख्या वृद्धी गरी मातृ तथा शिशु मृत्युदरमा कमी ल्याउन साथै लिङ्ग पहिचान गरी छोरी भएकै कारणले गरिने भ्रुण हत्या बन्द गर्ने कार्यमा सहयोग पुऱ्याउने उद्देश्यले यस गाउँ कार्यपालिकाको निर्णय अनुसार यो कार्यविधि लागू गरिएको छ ।

## परिच्छेद-१

### प्रारम्भिक

संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम "गाउँपालिका अध्यक्ष वालिका संरक्षण अभियान कार्यक्रम सञ्चालन कार्यविधि, २०८० रहेको छ ।

(२) यो कार्यविधि रोहिणी गाउँपालिका भर तुरून्त लागू हुनेछ ।

२. परिभाषा विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा

(क) 'गाउँपालिका' भन्नाले रोहिणी गाउँपालिकालाई जनाउँछ ।

(ख) 'गाउँ सभा' भन्नाले रोहिणी गाउँपालिकाको गाउँ सभालाई जनाउँछ ।



...प्रसाद यादव

(ग) गाउँपालिका अध्यक्ष' भन्नाले रोहिणी गाउँपालिकाको अध्यक्षलाई जनाउँछ ।

(घ) 'अध्यक्ष' भन्नाले रोहिणी गाउँपालिकाको वडा अध्यक्षलाई जनाउँछ ।

(ङ) स्वास्थ्य शाखा' भन्नाले रोहिणी गाउँपालिकाको स्वास्थ्य शाखालाई जनाउँछ।

(च) 'स्वास्थ्य संस्था' भन्नाले रोहिणी गाउँपालिकाको मातहतका वर्थिङ सेन्टर वा वर्थिङ सेन्टरबाट प्रेषण भएका स्वास्थ्य संस्थाहरुलाई मात्र जनाउँछ ।

(छ)'अभिभावक' भन्नाले कार्यक्रममा सहभागी भएका वालिकाको बाबु वा आमा वा दुवैलाई सम्झनु पर्दछ ।

(ज) 'कार्यक्रम' भन्नाले गाउँपालिका अध्यक्ष वालिका संरक्षण अभियान कार्यक्रमलाई जनाउँछ ।

(झ) 'विमित' भन्नाले गाउँपालिका अध्यक्ष वालिका संरक्षण अभियान अर्न्तगत वालिकाको विमा गरेको बाबु वा आमालाई सम्झनुपर्छ ।

(ञ) सम्झौता' भन्नाले रोहिणी गाउँपालिका र सेवा प्रदायक संस्था बिचको सम्झौतालाई जनाउँछ ।

(ट) 'संरक्षक' भन्नाले अभिभावक विहिन वालिकाको पालन पोषण वा संरक्षण गर्ने नजिकको नाता पर्ने व्यक्तिलाई जनाउँछ ।

(ठ) 'सेवा प्रदायक संस्था' भन्नाले राष्ट्रिय विमा समितिबाट इजाजत प्राप्त गरी संचालनमा रहेका विमा कम्पनीहरु मध्येबाट गाउँपालिकाले छनौट गरी सम्झौता गरेको जीवन विमा कम्पनीलाई जनाउँछ ।

(ड) "कार्यान्वयन समिती" भन्नाले दफा ८ बमोजिमको " कार्यक्रम कार्यान्वयन समिति" सम्झनु पर्छ

(ढ) "बालिका" भन्नाले रोहिणी गाउँपालिका भित्र बसोबास गर्ने सामाजिक तथा आर्थिक रूपले पछाडी परेका १८ वर्ष भित्रको बालिकालाई सम्झनुपर्छ।

## परिच्छेद- २

### "गाउँपालिका अध्यक्ष वालिका संरक्षण अभियान कार्यक्रम सम्बन्धी व्यवस्था

३. कार्यविधिको उद्देश्य- यस कार्यविधिका उद्देश्यहरू निम्न बमोजिम छन् ।

(क) लिङ्ग पहिचान गरी छोरी भएकै कारणले गरिने भ्रुण हत्यामा कमी ल्याउने,

(ख) छोरा र छोरी बीचको सामाजिक विभेद अन्त्य गर्ने,

(ग) स्वास्थ्य संस्थामा हुने प्रसुतीको संख्या वृद्धी गर्ने,

(घ) मातृ तथा शिशु मृत्युदरमा कमी ल्याउने,

(ङ) गाउँपालिकाभर बालविवाह र महिला हिंसाको घटनाको अन्त्य गर्ने,

(च) छोरीहरूलाई विद्यालय शिक्षाको पहुचको सुनिश्चितता गर्ने,

(छ) छोरीलाई पनि उच्च शिक्षा प्रदान गर्न प्रोत्साहन गराउने ।

४. कार्यक्रम सञ्चालनः "गाउँपालिका अध्यक्ष वालिका संरक्षण' अभियान कार्यक्रम देहाय बमोजिम सञ्चालन हुनेछः

(क) वालिका विमा बचत कार्यक्रमः- गाउँपालिका भित्र स्थायी बसोबास भएका दम्पतिबाट जन्मिने नवजात छोरीहरूको लागि रोहिणी गाउँपालिकाको कार्यालयले वीमा कम्पनी, बैंक वा वित्तीय संस्थाहरू संग समन्वय र साझेदारी गरी शिक्षा विमा कार्यक्रम लागु गर्नेछ। विमा अवधी विमा गरेको दिन देखि बढीमा २० वर्ष हुनेछ ।

(ख) साईकल वितरण कार्यक्रमः- गरिबी, अशीक्षा तथा विधालय टाढा परेको कारणले छोरीहरूले माध्यमिक तहको पढाई छोड्ने प्रवृति रहेको हुदाँ सो अवस्थालाई न्यूनिकरण गरी विद्यालयमा जान प्रोत्साहित गर्न गाउँपालिका भरका माध्यमिक तह (विशेष गरी कक्षा ९ मा) मा अध्ययन गर्ने विपन्न छात्राहरूलाई साईकल वितरण गरिनेछ । तर अभिभावकले आफ्ना तर्फबाट रकम थप गरी आवश्यकता अनुसार बढीमा २५ वर्ष सम्म गर्न सक्नेछ ।

(ग) लैंगिक हिंसा विरूद्ध कार्यक्रमः- लिङ्गको अधारमा गरिने भेदभावलाई निरूत्साहीत गर्न सघन रूपमा जनचेतना मूलक कार्यक्रम सञ्चालन गरिनेछ लिङ्ग पहिचान गरी छोरी भएकै कारणले गर भ्रुण हत्या गर्नु प्रचलित कानून विपरित कार्य भएको हुदाँ त्यस्तो कार्य हुन नदिन आवश्यक कार्य गरिनेछ। प्रचलित कानून बमोजिम सुरक्षित गर्भपतन गराउने कार्यमा अग्रसर स्थानिय तह र अन्य संस्थाहरू सँगको सहकार्यमा गर्भमा रहेको शिशुको जन्मन पाउने नैसर्गिक हकलाई कुण्ठीत हुन नदिन आवश्यक जनचेतना मूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

(घ) जनचेतना मुलक अभियान कार्यक्रमः- छोरी शिक्षित भए परिवार शिक्षित धाराणालाई अत्मसात् गरी विधालय भर्नामा "कुनै छोरी नछुटुन" भन्ने नाराकासाथ आमाहरूलाई अभिमुखिकरण प्रशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ । सो कार्यका लागि देहायका कार्यक्रम सञ्चालन गर्न सकिनेछ । भन्ने

(१) होडिङ वोर्ड :- आवश्यकतानुसार "गाउँपालिका अध्यक्ष वालिका संरक्षण अभियान संग सम्बन्धीत विभिन्न नारा र सुचना चित्र सहित होडिङ्ग वोर्ड / सूचना वोर्ड विभिन्न सार्वजनिक स्थलहरूमा राख्न सकिनेछ

(२) सञ्चार माध्यमको उपयोग :- विभिन्न सञ्चार माध्यमहरू टेलिभिजन, रेडियो /एफएम, अनलाईन पत्रिका तथा छापा पत्रपत्रिकाको माध्यमबाट जनचेतनामूलक एवं प्रेरणामूलक सन्देशहरूको प्रसारण, प्रचार प्रसार गर्न सकिनेछ ।



शिवा प्रसाद यादव

(३) सन्देश सम्प्रेषण गर्न सकिने:- जनचेतनामुलक डकुमेन्ट्री, सडक नाटक, गीत संगीतका माध्यमबाट सन्देश सम्प्रेषण गर्न सकिनेछ ।

(४) सामुहिक प्रशिक्षण/सचेतना कार्यक्रमः- अभिभावकहरूलाई समूहमा राखी सामूहिक प्रशिक्षण / सचेतना कार्यक्रम सञ्चालन गर्न सकिनेछ

(ङ) अन्य कार्यक्रमः - कार्यान्वयन समितिले अवश्यक ठानेमा गाउँपालिका अध्यक्ष वालिका संरक्षण अभियान संग सम्बन्धित अन्य कार्यक्रमहरू सञ्चालन गर्न सक्नेछ ।

## परिच्छेद- ३

## कार्यक्रम कार्यन्वयन

३ कार्यक्रममा आवद्ध हुने:

(क) वि.सं. २०७९ श्रावण १ गते वा सो भन्दा पछि यस निर्देशिकाले भने बमोजिमका स्वास्थ्य संस्थामा जन्मिएका वालिकाहरु मात्र यो कार्यक्रम अन्तर्गत वालिका विमा कार्यक्रममा आवद्ध हुन सक्नेछन् बालिकालाई आवद्ध गराउनका लागि निजका अभिभावक वा संरक्षकले बालिका जन्मिएको स्वास्थ्य संस्थाबाट बालिकाको जन्म प्रमाण पत्र र सम्बन्धित वडा कार्यालयबाट जन्मदर्ता संलग्न गरी गाउँपालिकाले तोकेको स्वास्थ्य संस्थामा अनुसुचि १ बमोजिमको ढाँचामा निवेदन दिनुपर्दछ ।

(खतोकेको स्वास्थ्य संस्थाले अनुसुचि १ बमोजिमको ढाँचामा प्राप्त भएको निवेदन जाँचबुझ गरी यस निर्देशिकाले भने बमोजिम आवश्यक कागजात र प्रकृया पुऱ्याई कार्यक्रम अन्तर्गत विमा गर्नको लागि आवश्यक कागजात सहित सम्बन्धित सेवा प्रदायक संस्थाले अनुसुचि २ बमोजिमको ढाँचामा सम्झौता गरेको विमा कम्पनीलाई सिफारिस गरी पठाउनु पर्नेछ ।

(ग) अनुसुचि २ बमोजिमको ढाँचा बमोजिम सिफारिस आए पश्चात सेवा प्रदायक संस्थाले कार्यक्रम अन्तर्गत नियमानुसार निज छोरिको आमा वा बुवाको नाममा विमाको पोलिसि खोलि पोलिसि नंबर र आवश्यक सम्पूर्ण विवरणहरु गाउँपालिकामा पठाउनु पर्नेछ ।

(घ) सम्पूर्ण विवरणहरु प्राप्त भए पश्चात मात्र गाउँपालिकाले निज बालिकाको विमाको रकम उक्त सेवा प्रदायक संस्थामा जम्मा गरिदिनेछ ।



विद्या प्रसाद यादव

(ङ) वि. स. २०७९ श्रावण १ गते वा सो मिति भन्दा पछि संस्थामा जन्मिएका वालिकालाई कार्यक्रममा आबद्ध गर्नु निजका अभिभावकको वा संरक्षकको कर्तव्य हुनेछ।

(च) यो कार्यक्रममा आवद्ध हुनको लागि रोहिणी गाउँपालिकाको नागरीकता लिएको वा भोटर लिष्टमा नाम भएको आमा वा बुवाको वालिका हुनु पर्नेछ ।

ख) यस कार्यक्रम अनुसार आवद्ध हुने प्रथमपटक कार्यालयले सूचना जारी गरेको ३० दिन भित्र तत्त पश्चात वालिका जन्मिएको मितिले ४५ दिनभित्र रोहिणी गाउँपालिकाले तोकेको कार्यालयमा निवेदन दिईसक्नु पर्नेछ।

४ रकमको व्यवस्था :

१) वि. सं. २०७९ श्रावण १ गते वा सो भन्दापछि स्वास्थ्य संस्थामा जन्मिएका रोहिणी गाउँपालिकाका वालिकालाई कार्यक्रम अन्तर्गत रोहिणी गाउँपालिकाले निज वालिकाको आमा वा बुवाको नाममा विमा गरिने हुदा उमेर अनुसारको प्रिमियम रकम २,००००/ (अक्षरुपी बीस हजार मात्र) को सेरोफेरोमा रही रकम गाउँपालिकाले एकमुष्ट रुपमा उपलब्ध गराउनेछ ।

(२) यस निर्देशिका बमोजिम गरिएको विमाको प्रावधानमा निज विमितको अभिभावक वा संरक्षकले आफ्नो तर्फबाट थप रकम जम्मा गर्न सेवा प्रदायक संस्थाको नियम अनुसार गर्न सक्नेछन्

(३उपदफा १ बमोजिमको रकम एक दम्पतिको २ जना वालिकालाई मात्र उपलब्ध गराईनेछ तर संरक्षकको संरक्षणमा रहेका बालिकाहरुको हकमा यो सिमा लागु हुने छैन ।

नोट : नेपालमा ७ वर्ष मुनि बच्चाको विमा नहुने हुदाँ वालिकाको आमा वा बुवाको विमा गर्नुपर्ने भएको हुदा निजहरुको उमेरको आधारमा प्रिमियम रकम निर्धारण हुने हुदा २०,०००/- (अक्षरुपी बीस हजार मात्र) को विमा रकम उपलब्ध गराउन भनिएता पनि रकम थपघट हुन सक्नेछ ।

५ विमाको रकम भुक्तानी सम्बन्धि व्यवस्था:

१. विमितको नाममा जम्मा भएको रकम भुक्तानिको लागि बालिका २० वर्ष पुरा गरेको र २० वर्ष पुग्दा सम्म निज अविवाहित रहेको सम्बन्धित वडा कार्यालयको प्रमाण सहित गाउँपालिकामा निवेदन पेश गर्नु पर्दछ ।यस्तो निवेदन प्राप्त भए पश्चात गाउँपालिकाले सेवा प्रदायक संस्थालाई विमाको रकम उपलब्ध गराउन लेखि पठाउँछ । गाउँपालिकाबाट लेखि आएपछि मात्र सेवा प्रदायक संस्थाले विमितको नाममा जम्मा भएको विमा रकम र प्रचलित कानुन अनुसार हुने ब्याज र अन्य रकम एकमुष्ट रुपमा सम्बन्धित विमितलाई भुक्तानि गर्नु पर्दछ ।

झुठ्ठा व्यहोरा वा कागजात वा प्रमाणहरु पेश गर्ने व्यक्तिलाई कानून बमोजिम कारवाही समेत हुनेछ ।

८) उपदफा (७) बमोजिम सम्वन्धित विमितलाई भुक्तानी हुन नसकेको रकम सेवा प्रदायक संस्थाबाट गाउँपालिकाले फिर्ता लिई सोहि कार्यक्रममा खर्च हुने व्यवस्था मिलाउनु पर्नेछ ।

<u>६ सम्झौता रद्द हुने :</u> १) गाउँपालिकाले आफ्नो गाउँपालिकामा संचालनमा रहेको वा आफुले तोकेको जिवन विमा कम्पनिसँग सम्झौता गरी कार्यक्रम संचालन गर्नेछ यदि गाउँपालिकाले यो कार्यक्रमको मर्म अनुसार सेवाग्राही संस्थाबाट सेवा प्राप्त गर्न सक्ने अवस्था नभएमा देहायको अवस्थामा निजसँगको सेवा सम्झौता रद्द गरी अर्को सेवा प्रदायक संस्थासँग समेत सेवा प्राप्त गर्न सक्नेछ ।

(क) सेवा प्रदायकले सम्झौता अनुसार विमितलाई सेवा प्रदान नगरेमा

(ख) यस निर्देशिकामा उल्लेख भए बमोजिम पालना नभएमा कुनै पक्षलाई असुविधा पर्न गएमा सोको जानकारी अर्को पक्षलाई गराई सम्झौता रद्द गर्न सकिनेछ

(ग) गाउँपालिकाबाट कार्यक्रम खारेज गरिएमा

## परिच्छेद-४

## समिति गठन तथा काम, कर्तव्य र अधिकार

७. निर्देशक समितिः- (१) गाउँपालिका द्वारा सञ्चालन हुने "गाउँपालिका अध्यक्ष वालिका संरक्षण' अभियान कार्यक्रमको सम्पुर्ण काम कारबाहीको सञ्चालन रेखदेख, नियन्त्रण, निर्देशन दिनका लागि एक निर्देशक समिति रहनेछ ।

(२) निर्देशक समितिको गठन देहाय बमोजिम हुनेछ ।

(क) गाउँपालिका अध्यक्ष - संयोजक

(ख) गाउँपालिका उपाध्यक्ष - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) सामाजिक विकास महाशाखा प्रमुख - सदस्य

(ङ) शिक्षा अधिकृत - सदस्य

(च) लेखा प्रमुख - सदस्य

(छ) स्वास्थ्य शाखा प्रमुख - सदस्य सचिव

यस समितिले आवश्यकता अनुसार सरोकारवाला क्षेत्रका विज्ञ तथा संस्थाका प्रतिनिधिहरू बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) निर्देशक समितिको काम, कर्तव्य र अधिकारः- समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) "गाउँपालिका अध्यक्ष वालिका संरक्षण अभियान अन्तर्गत सञ्चालन हुने योजना तथा कार्यक्रम सम्बन्धी नीति निर्धारण गर्ने,

(ख) यस कार्यक्रमको कार्ययोजना वार्षिक बजेट तयार गरी गाउँपालिकामा पेश गर्ने ।

(ग) "गाउँपालिका अध्यक्ष वालिका संरक्षण' अभियान अन्तर्गत सञ्चालित योजना कार्यक्रमहरूको अनुगमन मुल्याङ्कन गर्ने,

(घ) यस कार्यक्रममा सहभागी हुने वालिकाहरूको छनौट गर्ने ।

(ङ) कार्यक्रमको उद्देश्य प्राप्तिका लागि तोकिए बमोजिम अन्य काम गर्ने, गराउने ।

**८. कार्यक्रम कार्यान्वयन समितिः** - (१) समितिको निर्देशन बमोजिम यस अभियान सञ्चालनका लागि एक कार्यान्वयन समिति रहनेछ ।

(२) कार्यान्वयन समितिको गठन देहाय बमोजिम हुनेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत -संयोजक

(ख) शिक्षा अधिकृत - सदस्य

(ग) महिला बालबालिका शाखा प्रमुख - सदस्य

(घ) स्वास्थ्य शाखा प्रमुख - सदस्य सचिव

३) **कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकारः-** समितिको काम, कर्तव्य र अधिकार देहाय

(क) वालिकाको लगत संकलन गर्ने र निर्देशक समितिमा निर्णयार्थ पेश गर्ने ।

(ख) यस अभियानको वार्षिक कार्यक्रम तयार गरी निर्देशक समितिमा पेश गर्ने,

(ग) यस अभियानमा समावेश हुनेको विवरण सार्वजनिक गर्ने,

(घ) कार्यक्रम कार्यन्वयनमा सहजिकरण गर्ने,

(ङ) कार्यक्रमको अनुगमन तथा मुल्याङ्कन गर्ने,

(च) वार्षिक कार्य प्रगती तयार गर्ने,

(छ) निःशुल्क उपचारका लागि स्वास्थ्य संस्थामा र निःशुल्क शिक्षाको लागि विधालयमा सिफारीस गर्ने,

(ज) वालिकाहरूको शिक्षा र स्वास्थ्यको वारेमा वार्षिक रूपमा जानकारी लिने ।

९. कार्यक्रमको खर्च तथा भत्ता व्यवस्थापनः- (क) यस कार्यक्रम सञ्चालनका लागि प्रशासनिक खर्च समेत विनियोजन गर्न सकिनेछ ।

(ख) प्रशासनिक खर्च विनियोजन नभएको अवस्थामा निर्देशक समिति तथा कार्यक्रम कार्यन्वयन समिति बैठक बस्दा खाजा नास्ता बापत गाउँपालिकाको विविध शिर्षकबाट, बैठक भत्ता बापत बैठक भत्ता शिर्षकबाट र अनुगमन गर्दा अनुगमन शिर्षकबाट खर्च लेख्न सकिनेछ ।

## परिच्छेद ५

## विविध

१०. थपघट वा हेरफेर गर्न सक्नेः

(क) यो कार्यविधिको कार्यन्वयन लाई थप व्यवस्थित र प्रभावकारी बनाउन गाउँ कार्यपालिकाले अवश्यकता अनुसार थपघट / हेरफेर तथा खारेज् गर्न सक्नेछ

(ख) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा, अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनको लागि गाउँ कार्यपालिकाले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ

(ग) यस कार्यविधिमा उल्लेख भएको विषयको हकमा यसै बमोजिम हुने र अन्य विषयको हकमा प्रचलित कानुन बमोजिम हुनेछन् ।

११. कारवाही सम्बन्धी व्यवस्थाः- यस कार्यविधिमा तोकिएको लक्षित वर्ग, बसाई सराई गरी आएका बालिका बाहेकका अन्य स्थानीय तहका बालिकाहरू वा निजका अभिभावकले झुट्टा विवरण पेश गरी सुविधा लिन हुदैन र त्यस्तो भेटिएमा प्रचलित कानुन बमोजिम कारवाही गरिने छ ।

<u>१२ अभिलेख तथा प्रतिवेदन</u> (१) गाउँपालिका अध्यक्ष बालिका संरक्षण अभियान अन्तर्गत वालिका बिमा कार्यक्रम संचालनका लागि स्वास्थ्य शाखाले कार्यक्रममा आवद्द वालिकाहरुको अभिलेख अनुसुचि ३ बमोजिमको ढाँचामा अद्यावधिक गरी राख्नु पर्दछ। यसरी अद्यावधिक गरेको विवरण प्रत्येक महिना गाउँपालिकाको सुचना पाटीमा प्रकाशित गर्नु पर्नेछ

(२) गाउँपालिकाले प्राप्त विवरणको आधारमा कार्यक्रममा आवद्ध वालिकाको एकिकृत अभिलेख अद्यावधिक गरी राख्नु पर्दछ।

<u>१३ सार्वजनिक गर्नु पर्ने</u> : (१) यस निर्देशिका बमोजिम संचालित कृयाकलापको औचित्यता प्रभावकारीता तथा उपलब्धी सम्बन्धि सम्पुर्ण विवरण समेटी गाउँपालिकाले सार्वजनिक गर्नु पर्दछ ।

...प्रसाद यादव

<u>१४ प्रचलित कानून बमोजिम हुने :</u> १) यस निर्देशिकामा उल्लेख भएको विषयमा यसै बमोजिम र अन्य विषयको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

<u>१५ बाधा अड्काउ फुकाउ तथा संसोधन</u> (१) यस कार्यविधि बमोजिम कार्यक्रम संचालन गर्न बाधा अड्काउ भएमा कार्यापालिकाले निर्णय गरी त्यस्तो बाधा अड्काउ फुकाई कार्यक्रम सुचारु गर्न सक्नेछ ।

(२) कार्यविधिमा कुनै संशोधन आवश्यक भइमा गाउँपालिकाबाट संशोधन हुनेछ ।

विधा प्रसाद यादव
रोहिणी गा.पा. अध्यक्ष

रोहिणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धकधई, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

रोहिणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धकधई, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

## अनुसुचि १

### ९ दफा ३ को उपदफा १ सँग सम्बन्धित

### आवद्धताका लागी स्थानीय तहमा दिने निवेदनको ढाँचा

| | |
|---|---|
| वालिकाको फोटो | अभिभावक वा संरक्षकको फोटो |

मिती :

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
रोहिणी गाउँकार्यपालिकाको कार्यालय
धकधई लुम्विनी प्रदेश रुपन्देही ।

**विषय कार्यक्रममा आवद्धता सम्बन्धमा ।**

प्रस्तुत विषयमा रोहिणी गाउँ पालिकाको गाउँपालिका अध्यक्ष वालिका संरक्षण अभियान कार्यक्रममा सहभागी हुन मजुर भई आवद्धताका यो निवेदन पेश गरेको छु ।

बालिकाको नाम :

जन्म मिति :

जन्म दर्ता नम्बर :

जन्म दर्ता मिति

बाबुको नामः

आमाको नाम :

बाजेको नाम :

**यस कार्यक्रममा सहभागी हुन निम्न शर्तहरु पालना गर्ने प्रतिबद्धता व्यक्त गर्दछु**

१.प्रचलित कानूनको अधिनमा रही वालिकाको उमेर २० वर्ष पूरा नभएसम्म विवाह गराउने छैन ।

२. म छोरा र बालिकांबिच लालन पालनहेरचाह, शिक्षा दिक्षा, औषधी उपचार र संरक्षणमा कुनै असमान व्यवहार गर्नेछैन ।

३. कार्यक्रमका शर्त नियम तथा निर्देशन र प्रतिबद्धता बाहिर अन्य कुनै सेवा र सुविधाको दावी गर्ने छैन ।

४. यो निर्देशिका बमोजिमको अवधि वा अवस्था पुरा भएपछि प्राप्त हुने रकम वालिकाको क्षमता विकासका कार्यमा खर्च गर्न तथा निजको उज्जवल भविष्य निर्माणमा पूर्ण सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्दछु ।

५ उपरोक्त शर्तहरु पुरा नभएमा गाउँपालिकाले संचालन गरेको विमाको सम्पूर्ण रकम फिर्ता गर्न सहमति व्यक्त गर्दछु।

आवेदनमा पेश भएको व्यहोरा र कागजातहरु साँचो हुन झुठ्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

छाप

निवेदक

दायाँ बायाँ

हस्ताक्षर :-
नामः-
ठेगानाः-
मिति :-

पेश गर्न पर्ने कागजातहरुको विवरण

१) बालिकाको जन्म दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि।

२) अभिभावकमध्ये एक वा दुवै जनाको नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।

३) संरक्षक भएको हकमा व्यक्तिको नागरिकता प्रमाण पत्रको प्रतिलिपि र संरक्षकत्व ग्रहण गर्को प्रमाणको प्रतिलिपि।

४) वालिकाको पासपोर्ट साइजको फोटो थान ६

५) अभिभावक वा संरक्षकको पासपोर्ट साइजको फोटो थान ६

कार्यालय प्रयोजनको लागी

दर्ता मिति :-.......................................................

कार्यक्रममा अवद्ध गराउने निर्णय भएको मिति :-..................................................

प्रमाणित गर्ने अधिकारीको हस्ताक्षरः-...................................................

नामः-...............................................................

दर्जाः-...............................................................

मितिः-...............................................................

विद्या प्रसाद यादव
रोहिणी गा.पा. अध्यक्ष

अनुसूचि २

(दफा ३ को उपदफा २ संग सम्बन्धित )

विमामा आवद्ध गराउन स्वास्थ्य संस्थाले सेवा प्रदायक संस्थामा सिफारिस गर्ने ढाँचा

रोहिणी गाउँपालिका

धकधई प्राथमिक स्वास्थ्य केन्द्र

रोहिणी-३, लुम्बिनी प्रदेश, रुपन्देही

श्रीमान् शाखा प्रवन्धक ज्यू

............................................................विमा कम्पनी

लुम्बिनि प्रदेश ।

मिति :

विमा : सुचारु गरिदिने बारे ।

प्रस्तुत विषयमा रोहिणी गाउँपालिकाको गाउँपालिका अध्यक्ष वालिका संरक्षण अभियान अन्तर्गत वालिका बिमा कार्यक्रममा देहायका व्यक्तिहरुको बिमा शुरु गरिदिन हुन आवश्यक कागजात सहित सिफारिस गरी पठाइएको छ। निजहरुको विमा शुरू गरी विमितको पोलिसि नम्बर यस कार्यालयमा पठाई दिनुहुन अनुरोध छ ।

स्वास्थ्य संस्था प्रमुख

देहाय

| बालिकाको नाम | विमा गर्ने आमा वा बाबुको नाम | जन्म मिति | जन्म दर्ता नं र दर्ता मिति | ठेगाना | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

बोधार्थः रोहिणी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय स्वास्थ्य शाखा धकधई, रुपन्देही ।



विद्या प्रसाद यादव
रोहिणी गा.पा. अध्यक्ष

## अनुसूचि ३

(दफा ७ को उपदफा १ संग सम्बन्धित)

## रोहिणी गाउँपालिका स्वास्थ्य शाखाले राखे अभिलेखको ढाँचा

रोहिणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धकधई, लुम्बिनी प्रदेश, रुपन्देही

| क्र सं | विमित बालिकाको नाम | जन्म मिति | जन्म दर्ता नं. र दर्ता मिति | अभिभावक या संरक्षकको नाम | ठेगाना | विमा शुरु गरेको मिति | विमा पोलिसि नम्बर | विमाको अवधि पुग्ने मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

विद्या प्रसाद यादव
रोहिणी गा.पा. अध्यक्ष